**कोरोना भाइरससम्बन्धी बागमती प्रदेशको अवस्था**

**मकवानपुर । ०७७ वैशाख ११ गते**

यस प्रदेशको काठमाडौं पेप्सिकोलाका दुईजना कोरोना भाइरस सङ्क्रमितहरू वैशाख ११ गते निको भएर घर फर्केका छन् । पाटन अस्पतालमा उपचाररत ५८ वर्षीय पुरुष र ८१ वर्षीया महिला वैशाख ११ गते डिस्चार्ज भएका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

प्रदेशमा पीसिआर प्रविधिबाट १ हजार ७ सय ४ जनाको कोभिड १९ को परीक्षण भएकोमा ६ जनाको रिपोर्ट पोजेटिभ आएको छ । दुई जनाको उपचार टेकु अस्पतालमा भइरहेको छ । आरडीटी प्रविधिबाट भने यस प्रदेशमा ६ हजार १ सय ५५ जनाको स्वास्थ्य परीक्षण भएको छ ।

कोभिड १९ को सङ्क्रमण र यसले पारेको प्रभावका बारेमा यस प्रदेश सरकारले आफ्नो प्रदेशका १३ आटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग वैशाख ११ गते 'भर्चुअल कन्फरेन्स' गरेको छ । मुख्यमन्त्री डोरमणि पौडेल, आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जम्कट्टेल र आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव विनोद सिंहले १३ ओटै जिल्लाका प्रमुख जिल्ला अधिकारीसँग जिल्लाको पछिल्लो वस्तुस्थितिका बारेमा जानकारी लिनु भएको हो ।

आन्तरिक मामिला तथा कानून मन्त्री शालिकराम जम्कट्टेलका अनुसार समग्रमा तीन महिनाका लागि खाद्यान्न भण्डारण रहेको, गुणस्तरीय स्वास्थ्य सामग्री तथा मल र बीउको अभाव रहेको, काठमाडौबाट जिल्लामा जानेको चाप बढेको, सङ्क्रमणको चुनौती रहेको, नेपाल प्रहरीको दरबन्दी थोरै रहेको, आयोजना सञ्चालन गर्न प्रष्ट निर्देशन नआएको,क्वारेण्टाइन र आइसोलेशनमा बिरामीको चाप नरहेको, काठमाडौबाट फर्किएका मजदुरको सहजिकरण गरिएको, राहत वितरण भइरहेको जानकारी प्रमुख जिल्ला अधिकारीले गराउनु भएको छ ।

प्रदेश सरकारबाट जिल्ला विपद व्यवस्थापन समितिका लागि पठाइएको रकम खर्च गर्न प्रष्ट कार्यविधि नभएकोले अप्ठयारो परेको प्रमुख जिल्ला अधिकारीले जानकारी गराउनु भएको छ ।

महानगरीय प्रहरी वृत्त जगातीले वैशाख ११ गतेसम्ममा १६ हजारभन्दा बढी व्यक्तिलाई विभिन्न गाडीमा राखेर घर पठाएको छ । प्रहरीले हिड्दै जाने पैदल यात्रीलाई जगातीमा रोकेर खाना, खाजा खुवाएर गाडीमा हालेर घर जाने व्यवस्था गरेको छ ।

हेटौँडाको बुद्धचोक, बसपार्क, हेटौँडा अस्पताल र मानसचोकमा आम सर्वसाधरणको हात धुनका लागि ट्याङकीको जडान गरेर हात धुने स्टेसन स्थापना गरिएको हो । हेटौंडामा हात धुने स्टेशनसँगै जडित भुँईमा रहेको संयन्त्रलाई पैदलले दबाएपछि धाराको टुटीबाट पानी झर्न थाल्छ र छोडेपछि पानी बन्द हुन्छ ।

कन्ट्याक्ट लेस ह्याण्ड वासिङ स्टेसन (हातले सम्पर्क नगरी हात धुन मिल्ने हात धुने ठाउँ) को वैशाख ११ गतेबाट सुरू गरिएको हो । कोरोना भाइरस हातको माध्यमबाट धारा र धाराको माध्यमबाट अरु व्यक्तिलाई समेत सर्ने भएकाले हातले धारा नछोईकन हात धुन मिल्ने प्रविधि ल्याईएको हो ।

कोरोना भाइरस (कोभिड १९) को त्रास वढेको समयमा हेटौंडा बजार क्षेत्र ओहोर दोहोर गर्ने आम नागरिकका लागि हात धुन सजिलो होस भन्ने उदेस्यले ट्याङकी राखिएको हो ।

हेटौंडाको बुद्धचोकमा राखिएको हात धुने स्थानको उपमहानगरपालिकाका उपमेयर मिनाकुमारी लामा, मानस चोकमा मकवानपुरका प्रमुख जिल्ला अधिकारी दिपकराज नेपाल, हेटौंडा अस्पतालमा अस्पताल विकास समितिका अध्यक्ष प्रकाश पौडेललगायतकाले उद्घाटन् गर्नुभयो । हेटौंडाका सम्पुर्ण लायन्स तथा लियोहरू, लायन्स सरोज पोखेल, रविन्द्र घिमिरे, गोदावरी स्टील प्रालिको सहयोगमा चार स्थानमा हात धुनका लागि ट्याङकी जडान गरिएको लायन्स क्लब अफ हेटौंडा मकवानपुरका अध्यक्ष सरोज पोखेलले जानकारी दिनुभयो ।

**इन्सेक काठमाडौं जिल्ला प्रतिनिधि विमला पौडेल**का अनुसार काठमाडौं पेप्सिकोलाका दुईजना कोरोना भाइरस सङ्क्रमित निको भएर घर फर्केका छन् । पाटन अस्पतालमा उपचाररत ५८ वर्षीय पुरुष र ८१ वर्षीया महिला डिस्चार्ज भएका स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ ।

मन्त्रालयमा आयोजित नियमित प्रेस ब्रिफिङमा प्रवक्ता डा. विकास देवकोटाले यस्तो जानकारी दिनुभएको हो । यसरी निको भएर घर फर्कनेको सङ्ख्या ९ जना पुगेको छ ।
यस्तै, देशको राजधानी काठमाडौं महानगरपालिकाका विभिन्न वडाहरूबाट ०७७ वैशाख १० गते सम्ममा ८ सय ५६ जनाको र्‍यापीड टेष्ट गरिएको महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यले जानकारी दिनुभयो ।
शंखरापुर नगरपालिकाको नौ ओटा वडाबाट ४७ जनाको र्‍यापीड टेष्ट गरिएको छ । जसमा सबैको रिजल्ट नेगेटिभ आएको नगरपालिकाका प्रमुख सुर्वण श्रेष्ठले जानकारी दिनुभयो । पहिलो र दोस्रो चरणमा गरिएको टेष्टपछि बाँकी कोही भए पनि र्‍यापीड टेष्टलाई निरन्तरता दिइने बताउनुभयो ।
यता तारकेश्वर नगरपालिकामा पनि हालसम्म २ सय ८६ जनाको र्‍यापीड टेष्ट गरिएको छ भने ७ हजार भन्दा बढी घर परिवारलाई राहत वितरण गरिएको प्रमुख रामेश्वर बोहोराले जानकारी दिनुभयो ।

**इन्सेक धादिङ जिल्ला प्रतिनिधि सिताराम अधिकारी**का अनुसार धादिङ उद्योग वाणिज्य सङ्घले बन्द गरिएका अत्यावश्यक सामग्रीका पसलहरू वैशाख ११ गतेबाट सञ्चालनका लागि अनुरोध गरेको छ ।
उद्योग वाणिज्य सङ्घका अध्यक्ष रुद्रबहादुर खत्रीको अध्यक्षतामा बसेको बैठकले खाद्यान्न, ग्यास, औषधि तरकारी फलफूल दानालगायतका पसलहरू व्यक्तिगत सुरक्षाका उपायहरू अपनाएर सञ्चालन गर्न आग्रह गरेको हो ।
बिहान ११ बजेदेखि बेलुका ४ बजेसम्म अत्यावश्यक सामग्रीका पसलहरू सञ्चालन गर्ने व्यवसायीहरूलाई आग्रह गरिएको छ । यसैगरि बैंकिङ, बिमा लगायतका सेवाहरू समेत सुरक्षा सर्तकता अपनाएर सञ्चालन गर्न आग्रह गरिएको धादिङ उद्योग वाणिज्य सङ्घका रोहित भण्डारीले जानाकारी दिनुभएको छ ।
जिल्लाबाहिरबाट ढुवानी गरिएको फलफूल तरकारीलाई जिल्ला बाहिरबाट ढुवानी गर्न भने वैशाख १५ गतेसम्मका लागि पूर्ण रूपमा प्रतिबन्ध लगाइएको छ । यस अवधिमा जिल्ला भित्रकै फलफूल तरकारी मात्र खरिद बिक्री गर्न उपभोक्ताहरूलाई आग्रह गरिएको छ । यसअघि वैशाख ४ गतेदेखि १० गतेसम्मका लागि अत्यावश्यक सेवा समेत बन्द गरिएको थियो । अत्यावश्यक सेवा बन्द गर्न नहुने भन्दै विरोध हुँदै आएको थियो ।
कोरोना भाइरस (कोभिड १९) को महामारी रोक्न सरकारले गरेको बन्दाबन्दीका कारण समस्यामा परेका काठमाडौँमा ज्याला मजदुरी गर्दै बसेका जिल्लाका नागरिकहरूलाई स्थानीय सरकार र प्रदेश सांसदको पहलमा घरमा ल्याइएको छ । गल्छी गाउँपालिकाका ३ सय नागरिकहरूलाई काठमाडौबाट ६ ओटा बसमा गाउँपालिकामा ल्याएको छ ।
बागमति प्रदेश सांसद जगत सिंखडाको पहलमा दैनिक ज्यालादारी मजदुरदेखि विभिन्न कामको शिलशिीलमा काठमाडौं पुगेका उनीहरू लकडाउनका कारण अवस्था नाजुक बन्दै गएपछि सांसद सिंखडाले १४ ओटा बस व्यवस्था गरि नीलकण्ठ नगरपालिका, नेत्राबती डबजोङ, खनियाबास, त्रिपुरासुन्दरी गंगाजमुनालगायतका गाउँपालिकाका स्थानीवासीहरूलाई जिल्लामा ल्याइएको हो ।
धादिङको गंगाजमुना गाउँपालिकाले कोरोना भाईरस (कोभिड १९) को रोकथाम तथा उपचारको लागि ६० लाखको कोष स्थपना गरेको छ । गंगाजमुना गाउँपालिकाले १ हजार २ सय ६१ घरधुरीलाई राहत वितरण गरेको छ । भद्रकाली सामुदायिक विकास समाजले सडक तथा वडा कार्यालय बनाउन आएका अलपत्र परेका मजदुरलाई खाना खुवाएर सुरक्षित राख्ने गरेको छ ।
अहिले भद्रकाली सामुदायिक विकास समाजले ६ जना मजदुरलाई खाना खुवाएर राखेको छ । सिद्धलेक स्थित पिपलटारमा रहेको वडा कार्यालय बनाउने कोहलपुरका मजदुरलाई तीन दिनदेखि भद्रकालीमा राखिएको हो । ठेकेदार भागेर मजदुरलाई पैसा नदिएपछि समस्यामा परेका मजदुरलाई भद्रकाली सामुदायिक विकास समाजले सहयोग पुर्‍याएको कोषाध्यक्ष रामहरी थापाले जानाकारी दिनुभएको छ ।

**इन्सेक रामेछाप जिल्ला प्रतिनिधि नवराज घिमिरे**का अनुसार वैशाख ११ गते साँझसम्म १ सय ५९ जनाको र्‍यापीड टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ देखिएको छ । र्‍यापीड टेष्ट प्रविधिबाट कोभिड

१९ को परीक्षण गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालय रामेछापका प्रमुख जितेन्द्र कर्णले जानकारी दिनुभयो ।
जिल्लामा स्थानीय सरकारले काठमाडौँमा अलपत्र परेका आफ्ना नागरिकलाई गाडीको व्यवस्था गरि गाउँ ल्याउने क्रम जारी छ । कतिपय स्थानीय तहहरूले आफैले भाडासमेत तिरेर नागरिकहरूलाई ल्याएका छन् भने कतिपयले आउन चाहने नागरिकबाट भाडा उठाएर गाडीको प्रवन्ध गरी नागरिकहरूलाई गाउँ ल्याई रहेका छन् ।
सुनापति गाउँपालिकाले १८ ओटा बसको प्रवन्ध गरि वैशाख १० गते राति आफ्ना नागरिकहरूलाई गाउँमा ल्याएको गाउँपालिका अध्यक्ष धावा लामाले बताउनु भयो । यसैगरी खाँडादेवी गाउँपालिकाको वडा न ३ भिरपानीले आफ्नै खर्चमा ५ ओटा बसमा आफ्ना नागरिकलाई गाउँ ल्याएको वडाअध्यक्ष पुष्कर कुमार कार्कीले जानकारी दिनुभयो । सोही गाउँपालिका-५ पकरबासले पनि चार ओटा बसमा आफ्ना नागरिकलाई १० गते राति गाउँ ल्याएको छ ।
काठमाडौँमा अलपत्र परेका मासिनहलई स्थानीय तहल धमाधम घर फर्काउने तर उनीहरूको स्वास्थ परीक्षणमा चासो नदिदा गाउँमा सङ्क्रमणको त्रास फैलिएको छ । उनीहरूलाई कडा निगरानीका साथ घर भित्र राख्ने व्यवस्था मिलाउनु पर्ने स्थानीयवासीको माग छ ।

**इन्सेक सिन्धुपाल्चोक जिल्ला प्रतिनिधि नातिबाबु धिताल**का अनुसार चिनिया सरकारले अनुदानमा उपलब्ध गराएको कोरोना भाइरसको सुरक्षा स्वास्थ्य सामग्री वैशाख ११ गते तातोपानी नाकाबाट नेपाल प्रवेश गरेको छ ।
चिनिया सरकारले उपलब्ध गराएको स्वास्थ्य सामग्री नेपाल ल्याउनको लागी वैशाख १० गते तोतोपानी स्थित सुख्खा बन्दरगाहको आइसोलेशनमा राखिएको थियो । एक करोड बराबरको सुरक्षा सामाग्री वैशाख ११ गते नेपाल भित्रिएको भोटेकोशी गाउपालिका अध्यक्ष राजकुमार पौड्यालले बताउनु भयो ।
हेलम्बु गाउँपालिकामा रहेको माछा पालक किसानहरूलाइ लकडाउनका कारण  माछाको दानाको अभाव हुँदा माछा पालक किसानहरू मार्कामा परेका छन् । केहि वर्ष अघिदेखि हेलम्बु क्षेत्रामा टाउट माछाको हबको रूपमा विकास भएको थियो ।
व्यवसायीक रूपमा माछा पालन गरी आय आर्जन गर्दै आएका उनीहरूलाई बन्दाबन्दीका कारण माछाको दाना अभावले समस्यामा पारेको किसानहरूको भनाइ छ । माछा विकी गर्न बजार पनि बन्द भएको र बजार बन्दभएका कारण दानाको पनि अभावले ठूलो समस्यामा परेको भण्डारी माछा फर्मका सञ्चालक उत्तम भण्डारीले बताउनु भयो ।
जिल्लाका स्वास्थ्य संयोजकहरू मार्फत दीर्घरोगी बिरामीहरूले दैनिक रूपमा सेवन गर्दै आएको औषधिको व्यवस्थापन गरिने भएको छ । बन्दाबन्दीका कारणले औषधिको अभाव भएको जनगुनासो आएकोले जिल्ला विपद व्यवस्थापन समितिको निर्णयले दीर्घरोगीहरूलाई औषधिको व्यवस्थापन गर्न लागिएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दुर्गादत्त चापागाइले बताउनु भयो ।
जिल्लामा रहेको एक जिल्ला अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र र ९८ ओटा स्वास्थ्य चौकीहरूमा कोरोना भाइरसका नाममा ओपिडि सेवा बन्द गरिएको छ । लकडाउनमा इमेर्जेन्सी बाहेकका बिरामी नआउनु भन्ने सूचना जारी भएको छ ।
रुघाखोकी, ज्वरो, टाउको दुखाई, छाति दुखाई, पेट दुखाई, जुका, आउँलगायतका औषधिहरू वितरण नगरिएको चौतारा सागाँचोकगढी नगरपालिका-७ का स्वास्थ्यकर्मी ममता श्रेष्ठले बताउनु भएको छ ।
जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी कृष्ण तिवारीका अनुसार चौताराको जिल्ला अस्पतालमा इमेर्जेन्सी बाहेकको सेवा बन्द गरिएको र इमेर्जेसीमा हाडजोर्नी भाँचिएको काटेको जस्ता बिरामीहरूको मात्र उपचार गर्ने गरिएको छ । स्वास्थ्यकर्मीहरू कोरोना भाइरस जाँचको लागी गाउँगाउँ जानुपरेकोले त्यसो गरिएको जिल्ला स्वास्थ्य कार्यालयको भनाइ छ ।

**इन्सेक दोलखा जिल्ला प्रतिनिधि उद्धव पोखरेल**का अनुसार लकडाउनपछि काठमाडौं बस्दै आएका दोलखाका ११ हजार ९ सय नागरिक आफ्नो गाउँ फर्केका छन् ।

विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाईरस कोभिड १९ को सङ्क्रमण फैलन नदिन नेपाल सरकारले जारी गरेको लकडाउनका कारण काम विहीन भएका दोलखाका ११ हजार ९ सय नागरिक गृह जिल्ला फर्किएको जिल्ला ट्राफिक प्रहरी कार्यालय दोलखाका प्रहरी जवान जगदीश कार्कीले जानकारी दिनु भयो । उहाँका अनुसार गत तीन दिनको बीचमा ३ सय ४० ओटा बस मार्फत ११ हजार ९ सय नागरिक दोलखा ल्याईएको हो ।
काठमाडौँ उपत्यकामा बसोबास गर्ने आफ्ना नागरिकलाई सङ्कट भएको भन्दै दोलखाका स्थानीय तह, राजनीतिक दल सहित दोलखाका नागरिक समाजका व्यक्तिहरूले विभिन्न पेशा व्यवसायमा सङ्लग्न एवम् अध्ययनका क्रममा राजधानीमा रहेका दोलखाली सर्वसाधारणलाई जिल्लामा ल्याउनका लागि सवारी साधनको व्यवस्था गरेका थिए ।
कोरोना अर्थात कोभिड - १९ को रोकथाम र नियन्त्रणका लागि दोलखामा स्थानीय तहहरूले पनि आफ्नो प्रयास जारी राखेका छन् । यसै बीच जिल्लाको शैलुङ गाउँपालिकाले विभिन्न सामाजिक सङ्घ संस्था मार्फत गाउँपालिकामा प्राप्त भएको ज्वारो नाप्ने थर्मल गन सहितका औषधिहरू स्थानीय स्वास्थ्य केन्द्रहरूलाई उपलब्ध गराएको छ । गाउँपालिका भित्र रहेका १२ ओटा स्वास्थ्य संस्थालाई एक एक थान थर्मल गन सहित विभिन्न औषधिहरू उपलब्ध गराईएको गाउँपालिका अध्यक्ष भरत दुलालले जानकारी दिनुभयो ।

**इन्सेक ललितपुर जिल्ला प्रतिनिधि दीपकप्रसाद घिमिरे**का अनुसार कोरोना भाइरस (कोभिड-१९) को सङ्क्रमण पुष्टि भएका काठमाडौँको पेप्सीकोलास्थित सनसिटीका दुई जना बिरामीलाई वैशाख ११ गते पाटन अस्पतालबाट डिस्चार्ज गरिएको छ ।
सङ्कामा वैशाख ११ गते १ एक जना भर्ना भएका छन् । पाटन अस्पतालको आइसोलेशन वार्डमा तीन जना बिरामीको उपचार भइरहेको पाटन अस्पतालका निर्देशक डा. विष्णु शर्माले जानकारी दिनुभयो ।
नेपाल कम्युनिष्ट नेकपा बागमती गाउँपालिका कमिटीले वैशाख १० बागमती गाउँपालिकामा रहेका सात ओटै स्वास्थ्य चौकीका लागि एक/एक ओटा थर्मल गन उपलब्ध गराएको गाउँपालिकाका अध्यक्ष बीरबहादुर लोप्चनले जानकारी दिनु भयो ।
कान्ति लोकपथबाट पैदल यात्राका क्रममा अलपत्र परेकाहरूलाई बागमती गाउँपालिका-३ भट्टेडाँडामा ३४ जनालाई निःशुल्क भोजन गराएको गाउँपालिकाका प्रवक्ता विष्णुप्रसाद तिमल्सिनाले जानकारी दिनु भयो ।
लकडाउनको नियम उलङ्घन गरेको आरोपमा वैशाख ११ गते १ सय चार जनालाई महानगरीय प्रहरी परिसरले कारबाही स्वरुप कोभिड-१९ को बारेमा दुई घण्टे कक्षामा राखेर घर पठाएको परिसरका प्रमुख एवम् एसएसपी टेकप्रसाद राईले जानकारी दिनुभयो ।
यसैबीच नोवेल कोरोना भाइरस (कोभिड-१९) रोगथामका लागि नेपाल सरकारले घोषणा गरेको लकडाउन उलङ्घन गरी सवारी चलाई राहत बाँडेको आरोपमा २८ वर्षीय ज्ञानेन्द्र शाहीलाई प्रहरीले गिरफ्तार गरेको छ ।
जुम्ला जिल्ला सिंजा गाउँपालिका-३, पिगि घर भइ ललितपुर महानगरपालिका-२७, सुनाकोठी बस्ने शाहीले लकडाउन घोषणा भएको अवस्थामा ०७७ वैशाख ९ गते अनुमती नलिइ सवारी साधन चलाएको र सरकारको अनुमती नलिइ सामाजिक सद्भाव खल्बल्याएको अवस्थामा प्रहरी माथि नै अभद्र व्यवहार गरेको आरोपमा गिरफ्तार गरिएको महानगरीय प्रहरी परिसर जावलाखेलका सहायक प्रवक्ता एवम् डिएसपी सन्तोस तामाङले जानकारी दिनु भयो ।

**इन्सेक रसुवा जिल्ला प्रतिनिधि हेमनाथ खतिवडा**का अनुसार रसुवाका पाँच ओटा स्थानीय तहले असङ्गठित श्रमिक तथा असहायलाई पहिलो चरणको राहत वितरण सकेर दोस्रो चरणको राहत वितरणका लागि लगत सङ्कलन गरेका छन् ।
नौकुण्ड र कालिका गाउँपालिकाले दोस्रो चरणको राहत वितरण सुरू गरेको छन् । गोसाइकुण्ड गाउँपालिकाले ६ सय ७० परिवारको लगत सङ्कलन गरी सबै वडामा राहत कुपन वितरण सुरू भएको

प्रमुख प्रशासकीय अधिकृत देवीलाल सापकोटाले बताउनु भयो । आमाछोदिङमो गाउँपालिकाले ६ सय परिवार, कालिकाले २ सय ६७ परिवार, नौकुण्डले ५ सय परिवार, उत्तरगयाले ९ सय ९० परिवारलाई राहत वितरण गरेको छ ।
फागुन १ गतेदेखि भारत र तेस्रो मुलुलबाट १३ जना आएको मा ८ जनाको वैशाख ११ गते र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) परीक्षणमा हालसम्म  ५४ जनाको र्‍यापीड डाइग्रष्टिक टेष्ट (आरडीटि) भएको छ ।
पीसीआर प्रविधिबाट दुई जनाको परीक्षण भएकोमा दुबै जनाको रिपोर्ट कोभिड १९ नेगेटिभ देखिएको छ । क्वारेण्टाइनमा १३ छन भने आइसोलेसशन खाली रहेको  स्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत किरण श्रेष्ठले बताउनु भयो । जिल्लामा आरडीटी किट १ सय ६० थान ल्याएकोमा स्वास्थ्य संस्थामा पठाइएको छ ।

**इन्सेक नुवाकोट जिल्ला प्रतिनिधि नवदीप श्रेष्ठका** अनुसार नुवाकोट जिल्लामा वैशाख ११ गते १ सय २८ जनामा ज्वरो जाँच गरिएको छ । भने १४ जनामा र्‍यापीड टेष्ट गरिएको छ । टेष्ट गरिएका सबैको रिपोर्ट नेगेटिभ आएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ । यसैगरी ३८ जनाको स्वाब टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको कार्यालयले जनाएको छ । जिल्लामा वैशाख ११ गतेसम्म २५ जनालाई क्वारेण्टाइनमा राखिएको छ ।

**इन्सेक चितवन जिल्ला प्रतिनिधि दीपेन्द्र अधिकारी**का अनुसार भरतपुर कोरोना परीक्षण प्रयोगशालामा वैशाख १० गते २२ ओटा नमूना पठाइएकोमा वैशाख ११ गते सबैको रिपोर्ट नेगेटिभ आएको छ ।
चितवन जिल्लामा वैशाख ११ गतेबाट नियमित खोप कार्यक्रम सञ्चालन भएको छ । स्वास्थ्य कार्यालय चितवनका प्रमुख दीपक तिवारीले लकडाउनको अवधिमै भए पनि जिल्लाभर नियमित खोप कार्यक्रमसञ्चालन गरिएको जानकारी दिनुभयो । चितवनमा दादुरा र रुबेलाका लागि चलाइएको खोप विशेष कार्यक्रम लकडाउनका कारण सकिनै लाग्दा रोकिएको थियो ।
कोरोना भाइरसको सङ्क्रमण परीक्षणको लागि पीसीआर कीट जिल्लामा अझै आएको छैन । जसले गर्दा परीक्षणको लागि नमुना सङ्कलन गरेर हेटौंडा पठाउने गरेको छ ।
चितवनका स्थानीय तहहरू भरतपुर महानगरपालिका, रत्ननगर नगरपालिका, खैरहनी नगरपीलका, राप्ती नगरपालिका, कालिका नगरपालिका, माडी नगरपालिका र इच्छाकामना गाउँपालिकाले आआफ्नो क्षेत्रमा राहत वितरणलाई तिव्रता दिएका छन् । इच्छाकामना गाउँपालिकाले शहरी क्षेत्रमा घरघरमा पुगी ज्वरो जाँच्न थालेको छ ।

**इन्सेक भक्तपुर जिल्ला प्रतिनिधि रमेश गिरी**का अनुसार भक्तपुर जिल्ला अस्पतालमा वैशाख ११ गते ६ जना शङ्कास्पद व्यक्तिको कोरोना परीक्षण गरिएको छ । जसमा दुई पुरुषको स्वाब सङ्कलन गरि टेकुस्थित राष्ट्रिय प्रयोगशालामा पठाएको छ । त्यस्तै चार पुरुषको र्‍यापिड किटबाट परीक्षण गरिएकोमा चारजनाको नतिजा नेगेटिभ आएको । टेकु पठाएको दुईजनाको रिपोर्ट भने वैशाख ११ मात्रै आउने भक्तपुर अस्पतालको मेडिकल सुपरिटेण्डेण्ट डा. सुमित्रा गौतमले जानकारी दिनुभयो । अस्पतालले हालसम्म ४ सय ७३ जनाको कोरोना परीक्षण गरेकोमा सात जनाको रिपोर्ट आउन बाँकी रहेको र अरु सबैको नेगेटिभ आएको उहाँले बताउनु भयो । अस्पतालको  आइसोलोशनमा एक जनाको उपचार भइरहेको जानकारी उहाँले दिनुभयो ।
महानगरीय प्रहरी वृत्त जगातीका डिएसपी चक्रराज जोशीले वैशाख ११ गतेसम्ममा १६ हजार भन्दा बढी व्यक्तिलाई विभिन्न गाडीमा राखेर घर पठाएको जानकारी दिनुभयो । प्रहरीले हिड्दै जाने पैदल यात्रीलाई जगातीमा रोकेर खाना, खाजा खुवाएर गाडीमा हालेर घर जाने व्यवस्था गरेको छ ।
त्यसैगरी राष्ट्रिय मानवअधिकार आयोगले कोभिड १९ को सन्दर्भमा अधिकार ब्यवस्था अनुगमनका लागि नेटवर्क गठन गरी चार तहका समिति गठन गर्ने निर्णय अनुसार भक्तपुर जिल्ला स्तरीय मानव अधिकार अवस्था अनुगमन समिति गठन गरेको छ ।

नेपाल बार एशोसिएसन भक्तपुर बार इकाईका अध्यक्ष रबिन्द्र प्रधानको संयोजकत्वमा तीन सदस्यीय समिति गठन भएको हो । समितिमा नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाका अध्यक्ष पुष्करराज बुढाथोकी र गैर सरकारी संस्था महासंघ भक्तपुरका अध्यक्ष सोम शर्मा बजगाईं रहनु भएको छ ।
विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना (कोभिड १९) भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणको लागि देशव्यापी लकडाउनको बेलामा मातातिर्थ औंसी र आमाको मुख हेर्ने घरमै बसेर मनाउन अनुरोध गर्दा अटेर गरेको भन्दै भक्तपुर नगरपालिका अनुगमन समितिले भक्तपुर नगरपालिका १ दूधपाटीस्थित छोटु फलफूल पसलबन्द गराएको छ ।
त्यसैगरी बजार अनुगमन समितिका संयोजक राजकृष्ण गोराको संयोजकत्वमा सल्लाघारी र व्यासीमा रहेको मासु पसलको अनुगमनमा कोरोना भइरसको सङ्क्रमण फैलिन नदिने गरी मासु पसल सञ्चालन भए/नभएको र व्यवस्थित रूपमा पसल सञ्चालन भए/नभएको जानकारी अनुगमन गरेको छ ।
संयोजक गोराले न्यू दि मनकामना मिट सप, बाराही मासु पसल, शायना मिट सप, इन्द्रयणी मिट सप, सानो व्यासी मासु पसल, बालाखु गणेश कोल्ड स्टोर, एभरेष्ट चिकेन, च्व·गगणेश मिट सपमा गरेको अनुगमनमा कोरोना संक्रमणको जोखिमबाटबच्ने र बचाउन गरी सुरक्षित भएर मासु बिक्री गरेको नपाईएको जानकारी दिनुभयो ।

**इन्सेक सिन्धुली जिल्ला प्रतिनिधि बिमला पाण्डे**का अनुसार कमलामाई नगरपालिकाकाले काठमाडौँमा अलपत्र परेका नागरपालिकाका मजदुरलाई जिल्ला ल्याई सिन्धुलीमाढीमा ज्वरो जाँच गरि घरमा पठाएको जनाएको छ ।
तीनपाटन गाउँपालिकाले पालिकाभित्रका काठमाडौँमा रहेका मजदुर तथा विद्यार्थीहरूलाई पाँच ओटा बसमा गाउँपालिकाका उपाध्यक्ष पदममाया तामाङको सकियतामा काठमाडौँमै पुगेर उनीहरूको उद्धार गरिएको हो ।
यस्तै दुधौली नगरपालिकाले वैशाख ११ गते ४ सय नागरिकलाई नगरपालिका भित्राएको छ । जसको संयोजन वडा नं. १ का वडाध्यक्ष गोविन्द पहाडीले गर्नु भएको थियो ।
विभिन्न सङ्घसंस्थाले दुधौली नगरपालिकाको विपद व्यवस्थापन समितिलाई हालसम्म प्राप्त सहयोग नगरपालिकाले सार्वजनिक गरेको छ । समितिले सहयोग गर्ने सङ्घ संस्था र प्राप्त सामान तथा नगद सहयोग सार्वजनिक गरेको हो । उक्त विवरणमा विभिन्न सङ्घ संस्थाबाट सात ओटा थर्मल गन, १६ ओटा पीपीई सेट, गाउन ४० सेट, क्वारेण्टाइनलाई आवश्य सामग्री ५० सेट, १५ हजार १ सय सर्जिकल मास्क, सेनिटाईजर १ सय ६० ओटा, फलामे खाट र विछ्यौना ३०/३० थान र ७ हजार ५ सय नगद प्राप्त भएको नगरपालिकाका मेयर घनश्याम राउतले जानकारी दिनुभयो । उक्त सहयोग नेपाल रेडक्रस सोसाईटी सिन्धुली, रिलिफ नेपाल, सहकार्य नेपाल, मकाउमा बस्ने नेपालीहरू, प्रलाद खड्का, सुवास गिरी र विकेआर कन्ट्रक्सन प्रालीबाट प्राप्त भएको जनाईएको छ ।

**इन्सेक काभ्रे जिल्ला प्रतिनिधि हिरामान तामाङ**का अनुसार जिल्लामा हालसम्म विदेशबाट फर्किएका ४ सय ६२ जनामा आरडीटी विधि मार्फत कोरोना भाइरसको परीक्षण गरिएको छ । १३ ओटै स्थानीय तहमा विदेशबाट आएका नागरिकको आरडीटी परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय काभ्रेका प्रमुख डाक्टर नरेन्द्रकुमार भ्र्झाले बताउनु भयो ।
धुलिखेल अस्पतालमा हालसम्म ४ सय ७३ जनाको स्वाब परीक्षण गरिएको छ । स्वाब परीक्षणमा पनि कुनै व्यक्तिमा कोरोना सङ्क्रमण नदेखिएको धुलिखेल अस्पतालका प्रवक्ता डाक्टर सुमन ताम्रकारले बताउनु भयो । प्रवक्ता डाक्टर ताम्रकारका अनुसार हरेक हप्ताको आइतबार र बुधबार स्वाब परीक्षण हुदैं आएको छ ।
जिल्ला भित्रका ६० जनामा स्वाब परीक्षण गरिएको छ भने धुलिखेल अस्पतालमा हालसम्म टेकु अस्पतालबाट पठाइएका सहित ४ सय ७३ जनाको स्वाब परीक्षण गरिएको छ ।

जिल्लामा व्यक्तिगत सुरक्षा सामग्री ८ सय ४३ थान भित्रिएको छ । त्यस्तै सर्जिकल मास्क ५१ हजार ३ सय ३५ थान र सर्जिकल गाउन ४४ थान रहेको छ । जिल्लामा ४२ सय १ बोतल सेनिटाइजर, एन-९५ मास्क २ सय १८ ओटा रहेको छ ।
तेमाल गाउँपालिकाले काठमाडौ, भक्तपुर, बनेपा र धुलिखेलमा लकडाउनका कारण समस्या भोगिरहेका नागरिकलाई गाउँ लैजान वैशाख ११ गतेका लागि निःशुल्क बस सेवा सञ्चालनमा ल्याएको छ ।
गाउँपालिकाले स्वयम्भु, कलङ्की कोटेश्वर हुदैं तीन ओटा बसको व्यवस्था गरेको छ । त्यस्तै स्वयम्भु, बौद्ध चावहिल, तीनकुने हुदैं तीन ओटा बसको व्यवस्था गरेको गाउँपालिका प्रमुख सलाम सिं तामाङले बताउनुभयो । कोटेश्वर, जुडीबुडी, लोकनथली, सानो ठीमी हुदैं तीन ओटा बसको व्यवस्था गरेको छ । पालिकाका प्रमुख तामाङका अनुसार सूर्यविनायक, बनेपा हुदैं गाउँ जाने दुई ओटा बसको व्यवस्था गरिएको छ ।

**इन्सेक मकवानपुर जिल्ला प्रतिनिधि पुष्पराज अधिकारी**का अनुसार हेटौंडा उपमहानगरपालिका वडा नम्बर १२ र १३ पदमपोखरीमा वैशाख ११ गते ३८ जनामा आरडीटी टेष्ट गरिएको छ । विदेशबाट फर्किएका ३८ जनाको आरडीटी टेष्ट गरिएको उपमहानगरपालिकाका मेयर हरिबहादुर महतले जानकारी दिनुभयो । पाँच जना महिला र ३३ जना पुरुष गरी ३८ जनामा टेष्ट गरिएकोमा सबैको रिपोर्ट नेगेटिभ आएको उपमहानगरका स्वास्थ संयोजक सुपेन्द्र कार्कीले बताउनु भयो ।
लकडाउन प्रभावकारी बनाउन र नजिकबाट मानिसलाई समाउदा प्रहरीमा पनि कोरोना संक्रमणको जोखिम हुने भएकाले दुरी कायम गरी 'म्यान क्याच स्टिक' प्रयोगमा ल्याएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका सूचना अधिकारी प्रहरी निरीक्षक सुजन पाठकले बताउनु भयो । सर्वसाधारणलाई अनावश्यक ढङ्गबाट बाहिर ननिस्कन माईकिङ गरेर आग्रह गर्ने र क्याच स्टिकको प्रयोग गरेर नियन्त्रणमा लिने गरिएकोमा वैशाख ११ गते २७ जना व्यक्तिलाई नियन्त्रणमा लिएर छाडिएको पाठकले बताउनु भयो ।
यसैबीच, हेटौंडाको एक मात्र तरकारी थोक बजारको रुपमा रहेको हेटौंडा १० टिसिएनस्थित तरकारी बजार वैशाख ११ गतेबाट बन्द गरिएको छ । तरकारी लिन आउने जाने मानिसको भिड अत्याधिक बढेपछि कोरोना सङ्क्रमण जोखिम बढेको भन्दै स्थानीयले विरोध जनाएपछि तरकारी बजार बन्द गरिएको हो ।
सरकारले कारोना भाइरसको सङ्क्रमण बढ्न नदिन गरेको लकडाउन लकडाउन भए संगै दैनिक सयौं मानिसहरु मकवानपुरमा पर्ने पूर्व पश्चिम राजमार्ग, काठमाडौं-भीमफेदी-हेटौंडा, त्रिभुवन राजपथ, मदन भण्डारी लोकमार्ग हुँदै आफ्नो घर फर्किरहेका छन् । साथै केही स्थानीय तहहले आफ्नो नागरिकहरुलाई समस्या परेको भन्दै विभिन्न ठाँउबाट ल्याईरहेका छन् । बकैया गाउँपालिकाले ११ गते बिहान काठमाडौंबाट ५ सयजना गाउँपालिका नागरिकलाई ल्याएको छ । गाउँपालिकाले उनीहरूको स्वास्थ्य परीक्षण गरी घरमै क्वारेण्टाइनमा बस्न आग्रह गरेको छ । यस्तै मकवानपुरकै प्रतिनिधिसभा सदस्य कृष्णप्रसाद दाहाल र विरोध खतिवडाको पहलमा पनि काठमाडौंमा विभिन्न पेशामा आवद्धमा रहेका लकडाउनको कारण समस्या परेकाहरूको बस मार्फत उद्धार गरि मकवानपुर ल्याइएको छ ।
**इन्सेक बागमती प्रदेश कार्यालय, हेटौंडा**